# मूल्याङ्कनको सम्बन्धमा अभिभावकहरूका लागि दिग्दर्शन

## Colorado Alternate (CoALT): DLM अङ्ग्रेजी भाषा कला र गणितको मूल्याङ्कन

मूल्याङ्कनहरूले विद्यार्थी, बुवा-आमा र शिक्षकहरूलाई विद्यार्थीहरूले 21 औं शताब्दीका तयार गरिएको ग्रेड स्तर र विषयसूचीका मानकहरूमा दक्षता हासिल गरेका छन् कि छैनन् र उनीहरू ग्रेजुएट गर्ने बाटोमा छन् कि छैनन् भन्ने मूल्यवान् जानकारी उपलब्ध गराउँछ। यी मूल्याङ्कनका नतिजाहरूले तपाईंको बच्चाको शैक्षिक प्रगतिका प्रमाणहरूको समूहबाट एउटा मापन प्रदान गर्नेछ भन्ने मनसाय राखिन्छ ।

## यो मूल्याङ्कन भनेको के हो ?

CoAlt:DLM अङ्ग्रेजी भाषा कला र गणितको मूल्याङ्कन गुणस्तरमा आधारित हुन्छ र यसले Colorado को शैक्षिक गुणस्तरको प्रमाणसम्बन्धी विस्तारित नतिजा तर्फको विद्यार्थीको प्रगतिलाई मापन गर्छ । यो मूल्याङ्कन बन्दोबस्तीको साथमा पनि PARCC मा सहभागी हुन नसक्ने महत्त्वपूर्ण संज्ञानात्मक अशक्तता भएका विद्यार्थीहरूका लागि राज्यद्वारा अनिवार्य गरिएको छ । CoAlt:DLM अङ्ग्रेजी भाषा कला र गणितको मूल्याङ्कन ग्रेड 3-11 का विद्यार्थीहरूका लागि प्रबन्ध गरिन्छ ।

## मेरो बच्चालाई कहिले जाँच गरिन्छ ?

तपाईंको बच्चालाई अप्रिल महिनामा जाँच गरिन्छ । तपाईंको बच्चाको परीक्षण पूर्ण अवधिमा नभएर निश्चित दिनहरूमा लिइने ग्रेड र विषयको परीक्षणमा आधारित हुनेछ । कृपया परीक्षणको निश्चित तालिकाका लागि आफ्नो बच्चाका शिक्षकलाई सम्पर्क गर्नुहोस् ।

## मेरो बच्चाले कस्तो अङ्क प्राप्त गर्ने छन् ?

तपाईंको बच्चाले स्केल अङ्क र प्रदर्शन स्तर प्राप्त गर्ने छन् ।

CoAlt:DLM कन्सोर्टिया ले 2018 को फलमा मानक सेटिङ पूरा गर्यो । विद्यार्थीले CoAlt:DLM को अङ्ग्रेजी भाषा कला तथा गणितको अङ्क 2019 को फलमा Colorado Department of Education लाई प्रदान गरिनेछ ।

## यी अङ्कहरू कसरी प्रयोग गरिनेछ ?

यो मूल्याङ्कन कार्यक्रमको मुख्य प्रयोजन भनेको महत्त्वपूर्ण संज्ञानात्मक अशक्तता भएका विद्यार्थीहरूले जाँच लिइएको ग्रेड स्तरको अन्त्यमा अङ्ग्रेजी भाषा कला र गणितका मूल्याङ्कन क्षेत्रहरूमा कुन स्तरमा Colorado को शैक्षिक गुणस्तरको प्रमाणसम्बन्धी विस्तारित नतिजा भेट्ने सक्छन् भनेर निर्धारण गर्नु हो ।  CoAlt नतिजाहरू प्रमाणमा आधारित विस्तारित नतिजाहरूको सम्बन्धमा विद्यार्थीको शैक्षिक प्रगतिको मापन प्रदान गर्न अभिप्रेरित छन् ।

## अतिरिक्त जानकारी:

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा संलग्न हुन प्रोत्साहित गर्छौं । कृपया तपाईंले आफ्नो बच्चालाई घरमा र जाँचको बन्दोबस्तीको उपलब्धतामा कसरी सहयोग गर्न सक्नु हुन्छ भन्ने कुराको जानकारी लिन आफ्नो विद्यार्थीका शिक्षकलाई सम्पर्क गर्न संकोच नमान्नुहोस् ।

तपाईंसँग मूल्याङ्कनको सम्बन्धमा कुनै पनि प्रश्न वा सरोकारहरू छन् भने कृपया सिधैं आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस् वा Family Constituency Services लाई (720) 423-3054 मा फोन गर्नुहोस् ।